# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | महानन्द कपाडी, देबराज कपाडी र हरि नाथ (वि.अ. को मु.नं. ०७६-CR-०४३९), वि.अ. को फैसला मिति २०८०।०१।१४) | गैर हाजिर रहेको अवधिको तलब भत्ता लिई दिई भ्रष्टाचार गरेको। | प्र.देबराज कपाडी, महानन्द कपाडी र हरि नाथले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम कसुर गरेकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ मा बमोजिम बिगो रु.८१,९००/ कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना गरेको बिगो असुल उपर गरी पाउन आरोप मागदाबी लिइएको। | **फैसलाः**<br>प्रतिवादीहरु महानन्द कपाडी र देवराज कपाडीको मिलोमतोबाट गैर हाजिर अवधिको तलबभत्ता रु ८१,९००/- लिई दिई बिद्यालयको रकम बदनियतपूर्वक हिनामिना एवं हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेकोले प्रतिवादीहरु महानन्द कपाडी र देवराज कपाडीलाई ऐ. दफा ३(१) अनुसार बिगो रु ८१,९००/- को दामासाहीले जरिवाना हुने र ऐ. दफा ३(१)(ख) बमोजिम कसूरको मात्रा अनुसार जनही ४(चार) महिना कैद हुने। हानी नोक्सानीको बिगो रु ८१,९००/- प्रतिवादी महानन्द कपाडीले बिद्यालयको खातामा जम्मा गरिसकेको देखिंदा बिगो असुल गरिरहन परेन र प्रतिवादी हरि नाथले आरोपित कसुरबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.**प्रतिवादीहरु महानन्द कपाडी र देवराज कपाडीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको ठहऱ्याई ऐ. दफा ३(१) अनुसार बिगो रु ८१,९००/- को दामासाहीले जरिवाना हुने र ऐ. दफा ३(१)(ख) बमोजिम कसूरको मात्र अनुसार जनही ४ महिना कैद हुने भनी फैसला भएको र हानी नोक्सानीको बिगो रु ८१,९००/- प्रतिवादी महानन्द कपाडीले बिद्यालयको खातामा जम्मा गरिसकेको देखिंदा बिगो असुल गरिरहन नपर्ने।<br>**ख.**प्रतिवादी हरि नाथ श्रोत व्यक्तिको रुपमा बिद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित व्यक्तिको रुपमा उपस्थिति जनाएको सम्म देखिएको तथा तलब भत्ता भुक्तानी दिने आर्थिक कारोवारमा निजको संलग्नता नदेखिएबाट निज उपरको आरोपदावी पुग्न नसकी प्रतिवादी हरि नाथले आरोपित कसूरबाट सफाई पाउने। | **क.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा सजाय हुने कानूनी व्यवस्था रहेको। स्रोत व्यक्ति प्रतिवादी हरि नाथले अनुसन्धानको क्रममा वयान गर्दा म श्रीकोट र रीम श्रोत केन्द्र, बैतडीको श्रोत व्यक्ति हुँ। कर्तव्य ज्यान मुद्दामा ६ महिना पुर्पक्षको लागि थुनामा रहेका महानन्द कपाडीलाई बिद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम तलब भत्ता भुक्तानी गरेको र बिद्यालयमा हाजिर गराएको हो। उक्त बैठकमा म आफू पनि उपस्थित भई उपस्थितीमा दस्तखत गरेको। महानन्द कपाडी श्री जसलिङ्ग प्राथमिक बिद्यालयको संस्थापक जग्गादाता समेत भएकोले निजलाई सहानुभुतिपुर्वक हाजिर गराईएको। अदालतबाट सफाई पाए भनी निजले भनेको हुँदा तलब भत्ता खुवाए हुन्छ भन्ने मौखिक सल्लाह दिएको हुँ र निजले अदालतबाट सफाई पाईसके भनी भनेको हुँदा जिल्ला शिक्षा कार्यालयमा जानकारी समेत गराईन भन्ने उल्लेख गर्नु भएको। उक्त वयानलाई अदालतको बयानमा अन्यथा प्रमाणित गरेको अवस्था पनि नरहेको। विद्यालयमा हाजिर नै नभएको, काम नगरेको शिक्षक महानन्द कपाडीको वारेमा जानकारी हुँदा हुदै निज शिक्षकको तलब निकासामा निज प्रतिवादी हरि नाथले गरेको सिफारिस र सो सिफारिसको आधारमा गैर कानूनी तलब भत्ताको निकासा र सो को गैर कानूनी रुपमा भएको खर्च स्पष्टतः भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले प्रतिबादी हरि नाथलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटीपुर्ण एवं बदर योग्य रहेको।<br>**ख.** भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी **ने.क.पा २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार** मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरित विशेष अदालतले गरेको फैसला बदर भागी रहेको।<br>**ग.**भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट **(मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२)** सिद्धान्त प्रतिपादित भएको। |